सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३७
चैत्र, २०७९

# नेपाली मिडियामा जनजाति सवाल नीति, कानुन र व्यवहार

यम बहादुर दुरा

## परिचय

नेपालको पहिचान बहुसांस्कृतिक मुलुकका रूपमा रहँदै आएको छ । नेपालको संविधानले नेपाललाई बहुलवादमा आधारित बहुसांस्कृतिक मुलुकका रूपमा चित्रण गरेको छ । संविधानको प्रस्तावनामै सबैखालका विभेद अन्त्य गरी बहुलवादमा आधारित 'समानुपातिक सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने' सङ्कल्प गरिएको छ ।[१] यसले देशको समग्र विकासका लागि समावेशी सिद्धान्त अङ्गीकारलाई अपरिहार्य सर्तका रूपमा लिएको छ ।

तर पनि संविधानको भावना र मर्मअनुसार व्यवहारमा उतार्न राज्यले उचित भूमिका निर्वाह गर्न नसकेको गुनासो र बहस भने कायमै छ । समावेशी पक्षबारे सवाल उठाउने मिडियामा पनि यस विषयबारे प्रश्नहरू खडा भएका पाइन्छ । सार्वजनिक विषयमा मुद्दा उठान गर्ने मिडिया आफैँ समावेशी भए मात्र बहुलवादी समाजको आवाज अझ बढी प्रतिनिधित्व हुन्छ भन्ने मत पनि उत्तिकै बलियो छ ।

विशेषगरी २०४६ सालको राजनीतिक परिवर्तनपछि बहुलवादी अभियानको प्रभाव पत्रकारिता क्षेत्रमा पर्न गयो । फलस्वरूप पहिला महिला, त्यसपछि जनजाति, दलित र मधेसी पत्रकार समाचारकक्षमा हराइरहेको चर्चा र विश्लेषण हुन थाल्यो ।[२] त्यसपछि मिडियाभित्र विभिन्न पक्षको आवाज मिडिया सामग्री उत्पादनमा मात्र सीमित नभई निर्णय प्रक्रियामा सहभागिता र यस क्षेत्रमा उपलब्ध मानव स्रोतमा समानता र सशक्त सहभागिताको प्रतिनिधित्व आवश्यकतासम्बन्धी आवाज क्रमशः बुलन्द हुन थालेको पाइन्छ । तर पनि समावेशी तथा प्रधिनिधित्वका सन्दर्भमा नीतिगत तथा व्यावहारिक पक्षहरू समस्या तथा चुनौतीबाट बाहिर छैनन् । यो आलेख नेपाली

१ नेपाल कानुन आयोग । (सन् २०१८ सेप्टेम्बर १८) ।नेपालको संविधान । Retrieved from: https://lawcommission.gov.np/np/?cat=87

२ वन्त, पत्यूष । सन् २००८ । समावेशी मिडिया । काठमाडौँ : मार्टिन चौतारी । Retrieved from https://martinchautari.org.np/mc-publications/samabeshi-media

मिडियामा जनजाति सवालबारे नीतिगत तह र व्यवहारमा के/कस्तो कदम चालिएको छ भन्नेबारे बुझ्न तयार गरिएको हो ।

# आदिवासी जनजातिको आवाज

राष्ट्रिय जनगणना २०६८ अनुसार १२५ जात-जाति र १२३ मातृभाषा अस्तित्वमा छन् ।[३] यस्तै नेपालका आदिवासी जनजातिले कुल जनसङ्ख्याको लगभग ३६ प्रतिशत हिस्सा ओगट्छन् ।[४] तर यस समुदायको प्रतिनिधित्व अझ पनि समावेशी हुन नसकेको अवस्था छ ।

संयत्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले दलित तथा मधेसी समुदायले जातीय भेदभाव भोग्दै आएका एवम् दलित, मधेसी तथा जनजाति समुदायको आर्थिक-सामाजिक अवस्थामा खासै सुधार नभएको जनाएको छ । यसैगरी आदिवासी जनजाति समुदायलाई आफ्ना मौलिक थलो तथा प्राकृतिक स्रोत/साधनबाट वञ्चित तुल्याइएको पाइएको छ । उनीहरूको जीवनमा असर पर्ने विकास परियोजना सञ्चालन गर्दा परामर्श नगरिएको र पूर्वसूचित मञ्जुरी नलिइएको गुनासो पनि कायमै छ ।[५]

आफ्ना सांस्कृतिक अधिकारलगायतका सामूहिक अधिकार हनन भएको गुनासो गर्नेमा आदिवासी जनजाति पनि छन् ।

आदिवासी जनजाति भन्नाले मातृभाषा, परम्परा र रीतिरिवाज, छुट्टै सांस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएको जाति वा समुदायलाई सम्झनुपर्छ ।[६]

आदिवासी जनजातिका अधिकारका पक्षमा अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले पनि पर्याप्त मात्रामा बोलेका पाइन्छ । नेपाल पक्ष राष्ट्र भएको आदिवासी जनजातिका अधिकारसँग जोडिएको अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि नं. १६९ (धारा ३०) ले आर्थिक अवसर, शिक्षा, स्वास्थ्य तथा समाज कल्याणसम्बन्धी सूचनालाई सरकारले आवश्यकताअनुसार आमसञ्चार माध्यममार्फत प्रवाह गर्नुपर्ने प्रावधान अघि सारेको छ ।[७]

यसैगरी 'आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र २००७' को धारा १६ मा सञ्चारसम्बन्धी हकको व्यवस्था छ जसमा आदिवासी जनजातिले कुनै भेदभावबिना नै सञ्चार माध्यम स्थापना गर्न पाउने प्रावधान छ । त्यस धाराले राज्यद्वारा सञ्चालित सञ्चार माध्यमले सांस्कृतिक विविधता प्रतिविम्बित हुने गरी सामग्री प्रकाशन वा प्रसारण गर्नुपर्ने प्रावधान अघि सारेको छ । यसैगरी सोही धाराले निजी क्षेत्रबाट सञ्चालित सञ्चार माध्यममा पनि अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित हुनुपर्ने तथा पर्याप्त किसिमले सांस्कृतिक विविधता प्रतिविम्बित हुनुपर्ने प्रावधान अघि सारेको छ ।[८]

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी दस्तावेजमा आदिवासी जनजातिका अधिकार सुनिश्चित गर्ने अनेकन् प्रावधान भए पनि उनीहरूका सांस्कृतिक अधिकार हनन भएका, सञ्चारसम्बन्धी हकमा व्यवधान भोग्नुपरेका तथा सम्मानपूर्ण जीवन यापनमा अवरोध आएका गम्भीर मामलाहरु सतहमा निरन्तर आइरहेका छन् ।

यसैगरी वन्यजन्तु आरक्ष, जलविद्युत् परियोजना, सडक विस्तार आदिमा सरकारले जबर्जस्ती व्यवहार गर्दा आदिवासी जनजातिको आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकार हनन् भएको र उनीहरूको पीरमर्का सुनिदिने भर पर्दो संयन्त्र नभएको आदिवासी जनजाति समूहले तयार पारेका अध्ययन प्रतिवेदनमा जनाइएको छ । प्रतिवेदनमा आदिवासी जनजातिको मिडिया, सूचना, सञ्चार, भाषा तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी हक हनन् भएको उल्लेख छ ।[९]

देशको मूल कानुनका रूपमा रहेको नेपालको संविधानले

३ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय । (२०६९) । सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६९ । Retrieved from:https://mocit.gov.np/application/resources/admin/uploads/source/Report/samaweshikaran-pratibedan.pdf

४ IWGIA. (2022 April 1). The indigenous world 2022: Nepal. Retrieved from: https://www.iwgia.org/en/nepal/4655-iw-2022-nepal.html

५ OHCHR.2018. Committee on the elimination of racial discrimination examines report of Nepal.Retrieved from:https://www.ohchr.org/en/press-releases/2018/05/committee-elimination-racial-discrimination-examines-report-nepal

६ सर्वोच्च अदालत न्यायमा पहुँच आयोग । (२०७६) । आदिवासी जनजातिका अधिकार तथा उपचारसम्बन्धी जानकारी पुस्तिका । Retrieved from: https://supremecourt.gov.np/a2jc/public/media/2019_08/60049f8e6aefb3fb8357ec722810afc3.pdf

७ नेपाल आदिवासी जनजाति महासङ्घ । (मिति अनुल्लिखित) ।अन्तर्राष्ट्रिय श्रम सङ्गठन 'महासन्धि नं १६९' स्वतन्त्र देशहरूका आदिवासी जनजातिसम्बन्धी महासन्धि । Retrieved from:https://nefin.org.np/wp-content/uploads/2020/12/ILO-C-169-Booklet.pdf

८ Indigenous Rights Radio.(n.d.).UDRPIP Article 16: Right to media. Retrieved from: https://rights.culturalsurvival.org/undrip-article-16-right-media

९ Joint Submission on the Violations of Indigenous Peoples" Rights in Nepal, 3rd Universal Periodic Review, 37th Session July 2020.

उदार भावका साथ धेरै मौलिक अधिकार प्रत्याभूत गरेको छ । संविधानले सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वतन्त्रताको हक (धारा १७), समानताको हक (धारा १८), सञ्चारको हक (धारा १९), धार्मिक स्वतन्त्रताको हक (धारा २६), सूचनाको हक (धारा २७), भाषा र संस्कृतिको हक (धारा ३२) एवम् सामाजिक न्यायको हक (धारा ४२) को व्यवस्था गरेको छ ।[१०]

पछिल्लो समयमा देशको बहुआयामिक विकासका लागि समावेशीकरणको अपरिहार्यता एउटा स्थापित सिद्धान्त भइसकेको छ । "बहुलवादी समाजमा प्रतिपक्षी समूह, अल्पसङ्ख्यक समूह, पिछडिएको वर्ग वा दलित समुदायको आ–आफ्नै माध्यम विकसित हुने वातावरण बनेको हुन्छ भने त्यस्तो माध्यमबाट वैकल्पिक विचार, धारणा, मत, अभिमत तथा विविध सन्देशहरु सञ्चारित हुन सक्ने सम्भावना प्रशस्तै हुन्छ । यस्तो समाजमा प्रजातान्त्रिक मूल्य र मान्यताको सही व्याख्या, सही अभ्यास र सही माध्यमहरु उपलब्ध हुन्छन् ।"[११]

यस पृष्ठभूमिमा नेपालका आदिवासी जनजातिहरूले आफ्ना हक–अधिकार सुनिश्चित गर्न र सम्मानपूर्वक जीवन यापन गर्न पाउँ भनी सरकारसँग विभिन्न माग राख्दै आएका छन् । यस क्रममा 'इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्क' ले 'सञ्चारसँग सम्बन्धित नीति र कानुनलगायतमा आदिवासी जनजातिको अडानपत्र' शीर्षकमा १७ बुँदे माग अघि सारेको प्रसङ्ग उल्लेखनीय हुन आउँछ ।

त्यस अडानपत्रमा अन्तर्राष्ट्रिय श्रम सङ्गठन अभिसन्धि नं. १६९, आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणापत्र, मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र (१९४८), नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (१९६६) एवम् जैविक विविधतासम्बन्धी महासन्धि (१९९२) मा रहेका सञ्चारसम्बन्धी हकलगायत तमाम मानव अधिकार आदिवासी जनजातिका सन्दर्भमा सुनिश्चित हुनुपर्ने उल्लेख छ ।[१२]
आदिवासी जनजातिका प्रथाजनित संस्था, मौलिक जीवनपद्धति, आत्मनिर्णयको अधिकारसहित ऐतिहासिक थातथलोमा स्वशासनको अधिकारको रक्षा हुनुपर्ने विषयमा आवाज उठाएको छ । यसैगरी राज्यले आदिवासी जनजातिसँग सरोकार राख्ने सूचना तथा सञ्चारका हरेक चरणका निर्णय प्रक्रियामा आदिवासी जनजातिका सञ्चारसम्बन्धी प्रतिनिधिमूलक संस्थामार्फत अर्थपूर्ण, प्रभावकारी र समानुपातिक सहभागिता सुनिश्चित हुनुपर्ने अडानपत्रमा उल्लेख छ ।

'मिडिया फाउन्डेसन नेपाल' ले सन् २०१२ मा गरेको अध्ययनले मिडियामा ठूलो हिस्सा (७० प्रतिशत) उच्च जात मानिएका ब्राह्मण-क्षत्रीको रहेको देखाएको थियो । नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज) ले र ाज्य तथा निजी क्षेत्र दुवैले सञ्चालन गरेका मिडियामा सबै समुदायको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने तथा बहुलवादलाई आत्मसात गर्दै समाचारकक्षमा विविधता र संवेदनशीलता कायम हुनुपर्ने आवाज उठाएको छ ।[१३]

यसप्रकार, नेपाली मिडियामा आदिवासी जनजातिको उचित सहभागिता हुन नपाएको गुनासो त छँदैछ, सँगसँगै उनीहरूका सांस्कृतिकलगायत सबै अधिकारलाई जनसमक्ष प्रकाश पार्ने यथेष्ठ सामग्री नआएको गुनासो पनि छ । मिडियासम्बन्धी नीति तथा कानुनमा आदिवासी जनजातिको चासो र सरोकारलाई पर्याप्त किसिमले नसमेटिएको र समेटिएका केही पक्षको कार्यान्वयन गर्ने पर्याप्त आधारसमेत तयार नपारिएको गुनासो पनि छ ।

राष्ट्रसङ्घीय विकास कार्यक्रमले गरेको एक अध्ययनले पनि नेपालमा विभिन्न छापा र प्रसारण माध्यम भए पनि आदिवासी जनजाति समूहका पत्रकार र सञ्चारकर्मीको न्यून प्रतिनिधित्वलाई प्रमुख चुनौतीका रूपमा लिएको जनाउँदै अन्य सामाजिक समूहका पत्रकारहरूसँग आदिवासी जनजातिका विषयमा सीमित ज्ञान हुने भएकाले त्यसको नतिजा उनीहरूसँग सम्बन्धित मुद्दाबारे कमजोर र खराब रि पोर्टिङ हुने हुँदा पत्रकारको तालिममा ध्यान दिनुपर्ने सुझाव दिएको छ ।[१४]

आदिवासी जनजातिले आफ्ना हक–अधिकारबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दस्ताबेजमा भएका प्रावधानका आधारमा मूलतः प्रतिनिधित्वको सवाल उठाएका छन् । उनीहरूले मिडिया

१० नेपाल कानुन आयोग । (सन् २०१८ सेप्टेम्बर १८) ।नेपालको संविधान । Retrieved from: https://lawcommission.gov.np/np/?cat=87_

११ पत्रकारिता विभाग । (२०५४) । बहुलवादी नेपाली समाजमा आमसञ्चार । काठमाडौं : पत्रकारिता विभाग त्रि.वि. फ्रेडरिक इवर्ट स्टिफ्टुङ् । पृ.३ ।

१२ यात्रु, कुमार । (२०७७) । नेपालको सञ्चार नीति तथा कानुनहरूमा आदिवासी जनजातिका सरोकारहरु । काठमाडौं : इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्क । पृ.५४-५८ ।

१३ Aryal, K. (2020, December 4). Diversity in the newsroom. *The Rising Nepal.* Retrieved from: https://old.risingnepaldaily.com/opinion/diversity-in-the-newsroom)

१४ UNDP. (2010). Communication for Empowerment in Nepal. An assessment of communication and media needs among indigenous people. Retrieved from: https://www.undp.org/sites/g/files/zskgke326/files/migration/asia_pacific_rbap/RBAP-DG-2009-Nepal-C4E-Report.pdf.

क्षेत्रको नीतिगत प्रक्रिया, सहभागिता, सामग्री उत्पादन गर्ने मानव स्रोत र मिडियाको सामग्रीमा प्रतिनिधित्व हुनुपर्ने विभिन्न दस्ताबेजमा उल्लेख गरेका छन् ।

## नीतिगत तहमा आदिवासी जनजाति सरोकार तथा निर्णय प्रक्रियामा प्रतिनिधित्व

नेपालमा मिडियाको विकासका लागि विभिन्न नीति अपनाइएका छन् । यस क्रममा २०४६ सालको राजनीतिक परिवर्तनपछि ल्याइएको राष्ट्रिय सञ्चार नीति, २०४९ मा विभिन्न जाति, भाषा, वर्ग र धार्मिक सम्प्रदायबीच समानता, सद्भाव र सामञ्जस्यको वातावरण सिर्जना गरी कानुनी सिद्धान्तका आधारमा प्रजातन्त्रका लाभहरु उपयोग गर्न सक्ने गरी नागरिकलाई चेतनशील तुल्याउन सञ्चार माध्यमलाई प्रभावकारी बनाउने उद्देश्य लिइएको पाइन्छ ।[१५] यस सञ्चार नीतिमा आदिवासी जनजातिको समानुपातिक सहभागिता र समावेशिता भन्ने शब्दावली कतै पनि प्रयोग भएको पाइँदैन ।

यसैगरी राष्ट्रिय आमसञ्चार नीति, २०७३ मा मिडियालाई समावेशी बनाउने; महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, मधेसी, सीमान्तकृत समुदाय र पछाडि परेका क्षेत्र, वर्ग र समुदायको आमसञ्चारका क्षेत्रमा प्रतिनिधित्व बढाइ क्रियाशील तुल्याउन प्रोत्साहित गर्ने, पूर्वउल्लिखित समुदायलाई पत्रकारितासम्बन्धी उच्चशिक्षामा सहभागिता वृद्धि गर्न छात्रवृत्तिको व्यवस्था गर्ने जस्ता नीति अघि सारिएको छ ।[१६]

यस्तै सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग, २०६९ ले सञ्चार माध्यमलाई समावेशी बनाउन १२ वटा सुझाव दिएको पाइन्छ । यसमा सरकारी अनुदान तथा विज्ञापन वितरण गर्दा समावेशी मापदण्डहरु पूर्ण पालना गरेका सञ्चारमाध्यम हुनुपर्ने, मातृभाषालाई प्रवर्द्धन गर्ने सञ्चार माध्यमलाई प्राथमिकतामा राखिनुपर्ने र यसका लागि सञ्चार समावेशी कोष स्थापना गरिनुपर्ने नीतिगत प्रावधान अघि सारिएको छ ।[१७]

यसले सरकारी सञ्चार माध्यमलाई सार्वजनिक सेवाको अवधारणाबमोजिम सञ्चालन गरी व्यवस्थापकीय नेतृत्व तहमा नियुक्ति गर्दा महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुसलमान, अपाङ्गता भएका तथा पिछडिएका, विभेदमा परेका, उत्पीडित वर्गका सक्षम व्यक्तिलाई उच्च प्राथमिकता दिइनुका साथै निर्णायक तहको संरचनामा पनि विविध वर्गको प्रतिनिधित्व गराइ समावेशी बनाइनुपर्नेबारे पनि बोलेको छ ।

यसैगरी सञ्चार माध्यमहरुलाई समावेशी बनाउने दिशामा व्यवधानकारी ठहरिएका कानुनी प्रावधानहरुमा संशोधन गरी ऐन कानुनलाई समावेशी सञ्चारमैत्री बनाउनुपर्ने, समावेशीकरण नीति कार्यान्वयन अवस्थाबारे अनुगमन गर्नुपर्ने, पत्रकारितासम्बद्ध शिक्षण संस्थाहरुमा समावेशी सञ्चार विषयक पाठ्यक्रममा समावेश गरिनुपर्ने एवम् राज्यद्वारा प्रवाह गरिने सूचना मातृभाषामा पनि प्रकाशन वा प्रसारण हुनुपर्ने जस्ता प्रावधान 'सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग, २०६९' ले अघि सारेको छ ।

सोही आयोगले सरकारी सञ्चार माध्यमलाई विषयवस्तु र मानव संशाधनका दृष्टिले थप समावेशी बनाउनुपर्ने, सरकारी अनुदान तथा विज्ञापन वितरण गर्दा समावेशी मापदण्डहरु पूर्ण पालना गर्नुपर्ने तथा मातृभाषालाई प्रवर्द्धन गर्ने सञ्चार माध्यमलाई प्राथमिकतामा राखिनुपर्ने जस्ता प्रावधान अघि सारेको छ ।

समयक्रमअनुसार समावेशी नीति बन्नुपर्छ भन्ने चिन्तनमनन पछिल्ला नीतिगत व्यवस्थामा देखिन्छ । तर यसको प्रतिविम्ब निर्णय गर्ने निकायको संरचना वा सरकारी मिडिया

१५ राष्ट्रिय सञ्चार नीति, २०४९ । Retrieved from: https://kms.pri.gov.np/dams/pages/view.php?ref=8836&search=%21collection1805&order_by=collection&sort=ASC&k=0e27cc7aaa&curpos=4#).

१६ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय । (२०७३) । राष्ट्रिय आमसञ्चार नीति, २०७३ । Retrieved from: https://www.opmcm.gov.np/wp-content/uploads/npolicy/Communication/%E0%A4%B0%E0%A4%BE%E0%A4%B7%E0%A5%8D%E0%A4%9F%E0%A5%8D%E0%A4%B0%E0%A4%BF%E0%A4%AF%20%E0%A4%86%E0%A4%AE%E0%A4%B8%E0%A4%82%E0%A4%9A%E0%A4%BE%E0%A4%B0%20%E0%A4%A8%E0%A5%80%E0%A4%A4%E0%A4%BF%20%E0%A5%A8%E0%A5%A6%E0%A5%AD%E0%A5%A9.pdf

१७ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय । (२०६९) । सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६९ । Retrieved from: https://mocit.gov.np/application/resources/admin/uploads/source/Report/samaweshikaran-pratibedan.pdf

संस्थाहरूमा देखिन्छ कि देखिँदैन भन्नेमा अबको विश्लेषण केन्द्रित छ :

| सङ्घीय ऐन | समावेशी प्रतिनिधित्व व्यवस्था |
|---|---|
| सञ्चार संस्था ऐन २०२९ | संस्था सञ्चालन समितिको संरचना समावेशी गर्नुपर्नेबारे कुनै व्यवस्था छैन । |
| प्रेस काउन्सिल ऐन २०४८ | संरचना समावेशी बनाउनुपर्ने भन्ने कुनै व्यवस्था छैन । |
| राष्ट्रिय समाचार समिति ऐन, २०१९ | संस्था सञ्चालन समितिको संरचना समावेशी बनाउनुपर्ने भन्ने कुनै व्यवस्था छैन । |
| गोरखापत्र संस्थान ऐन, २०१९ | संस्था सञ्चालन समितिको संरचना समावेशी बनाउनुपर्ने भन्ने कुनै व्यवस्था छैन । |
| विज्ञापन नियमन गर्ने ऐन, २०७६ | विज्ञापन बोर्ड संरचनामा आदिवासी जनजाति हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशिताका आधारमा १ जना महिला हुनुपर्ने व्यवस्था छ । |
| **सङ्घमा प्रस्तावित विधेयक** | |
| मिडिया काउन्सिलसम्बन्धी विधेयक | काउन्सिल गठन संरचनामा आदिवासी जनजाति हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशीका आधारमा २ जना महिला हुनुपर्ने व्यवस्था छ । |
| सार्वजनिक सेवा प्रसारणसम्बन्धी विधेयक | परिषद् गठनमा जनजाति हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशीका आधारमा पिछडा वर्ग, अल्पसङ्ख्यक, किसान, श्रमिक, पिछडिएको क्षेत्र, पर्यटन, शिक्षा क्षेत्रको प्रतिनिधित्व हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा २ जना महिलासहित ७ जना सदस्य नियुक्त गर्ने व्यवस्था छ । |

| प्रदेश | मिडियासम्बन्धी प्रदेश ऐन तथा नियमावली | समावेशी प्रतिनिधित्व व्यवस्था |
|---|---|---|
| कोसी प्रदेश | प्रदेश सञ्चार प्रतिष्ठान (गठन, सञ्चालन तथा व्यवस्थापन) नियमावली, २०७७ | दफा ६.१ (ङ) मा सञ्चालक समितिमा आदिवासी जनजाति समावेश हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशी आधारमा १ जना महिला हुनुपर्ने व्यवस्था छ । |
| मधेस प्रदेश | प्रदेश सञ्चारसम्बन्धी ऐन, २०७७ | दफा (६) मा प्राधिकरण गठन गर्दा, उपदफा २.१ मा अध्यक्ष र सदस्य नियुक्ति गर्दा पत्रकारिता वा आमसञ्चार क्षेत्रबाट प्रतिनिधित्व हुने गरी समानुपातिक समावेशी सिद्धान्तको आधारमा गर्नुपर्नेछ भन्ने उल्लेख छ ।<br>यस्तै परिच्छेद ५ दफा २९ मा काउन्सिल गठनको व्यवस्था छ । दफा २९ (ख) मा जनजाति हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशीको आधारमा २ जना महिला हुनुपर्ने व्यवस्था छ । |
| लुम्बिनी प्रदेश | सूचना तथा सञ्चार प्रविधि प्रतिष्ठान ऐन, २०७६ | दफा ६ मा परिषद् गठनमा आदिवासी जनजाति समावेश हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशीको आधारमा २ जना महिला सदस्य हुनुपर्ने व्यवस्था छ । |
| कर्णाली प्रदेश | कर्णाली सूचना प्रविधि तथा आमसञ्चार प्रतिष्ठान ऐन, २०७७ | दफा ६ मा परिषद् गठनमा आदिवासी जनजाति समावेश हुनुपर्छ भन्ने उल्लेख नभएको तर समावेशीको आधारमा २ जना महिला सदस्य हुनुपर्ने व्यवस्था छ । |

नेपालमा जारी भएका मिडियासम्बन्धी विभिन्न ऐनमा समिति तथा बोर्ड गठन र त्यसमा हुने प्रतिनिधित्वबारे पुराना ऐनहरूमा समावेशी गर्ने विषयमा उल्लेख पनि भएको पाइँदैन । तर नयाँ संविधान जारी भएपछि बनेका ऐन तथा

नियमवालीमा भने निर्णय गर्ने यस्ता निकायमा महिलाको प्रतिनिधित्वलाई स्वीकार गरेको पाइन्छ । यति हुँदाहुँदै पनि यस्ता निकायमा आदिवासी जनजातिलाई समावेश गर्ने भन्ने विषयमा ऐन तथा नियमावली बोलेको पाइँदैन । मधेस प्रदेशको प्रदेश सञ्चारसम्बन्धी ऐन, २०७७ मा भने प्राधिकरण गठन गर्दा समानुपातिक समावेशी सिद्धान्तका आधारमा गर्नुपर्ने भन्ने उल्लेख छ । यसले नीतिगत तहका निर्णय गर्ने स्थानमा आदिवासी जनजातिको उपस्थितिलाई सुरक्षित गरिएको छैन भन्ने देखाउँछ ।

नेपाल सरकारले रेडियो नेपाल र नेपाल टेलिभिजनलाई एउटै छातामुनि राखेर सार्वजनिक सेवा प्रसारण संस्था बनाउने लक्ष्यअनुसार सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७ तयार पारेको थियो । हाल विचाराधीन अवस्थामा रहेको यस विधेयकले पनि आदिवासी जनजातिलाई यथोचित स्थान दिएको पाइँदैन ।

सार्वजनिक सेवा प्रसारण संस्थाले गर्नुपर्ने कामअन्तर्गत विधेयकको दफा ५ (ख) मा विभिन्न जातजातिबीच सद्भाव, ऐक्यबद्धता कायम गर्ने र उनीहरूको उत्थान हुने कार्यक्रम उत्पादन तथा प्रसारण गर्नुपर्ने प्रावधान राखिएको छ । यसैगरी दफा ५ (च) मा सूचना सम्प्रेषणद्वारा मुलुकको राष्ट्र भाषा, लोपोन्मुख मातृ भाषा, कला, संस्कृति र सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने प्रावधान छ ।[१८] यी प्रावधानलाई ज्यादै फराकिलो दायरामा राखिएका छन् जसमा राष्ट्रिय आमसञ्चार नीति, २०७३ ले आदिवासी जनजातिका पक्षमा अघि सारेका प्रावधानहरूलाई पनि परिपालना गरेको देखिँदैन ।

सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७७ अन्तर्गत परिषद् गठन गर्ने सन्दर्भमा दफा ६ (छ) मा पिछडा वर्ग, अल्पसङ्ख्यक किसान, पिछडिएको क्षेत्र, पर्यटन तथा शिक्षा क्षेत्रको सहभागिता हुने गरी मन्त्रालयबाट मनोनीत कम्तीमा २ जना महिलासहित ७ जनालाई समावेश गर्ने उल्लेख छ । यस प्रावधानले पनि आदिवासी जनजातिलाई यथोचित स्थान दिएको पाइँदैन ।

'सञ्चार माध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग, २०६९' मा सरकारी सञ्चार माध्यमलाई सार्वजनिक सेवाको अवधारणाबमोजिम सञ्चालन गरी व्यवस्थापकीय नेतृत्व तहको नियुक्ति गर्दा महिला, आदिवासी/जनजातिलगायत समुदायका व्यक्तिलाई उच्च प्राथमिकता दिइ समावेशी बनाइनुपर्नेबारे प्रावधान रहे पनि प्रस्तुत विधेयक यसप्रति मौन देखिन्छ ।

नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुन संशोधन र एकीकृत गर्न बनेको विधेयक (२०७५) पनि मिडियामा आदिवासी जनजातिको समावेशिता तथा सहभागिताको सवालमा संरचनागत सुधार गरी स्रोत/साधन परिचालनमा उदासीन देखिन्छ । नीतिगतरूपमा निर्णय गर्ने स्थानमा आदिवासी जनजातिको प्रतिनिधित्वको कुरा उठान नभएपछि यसको झल्को व्यवहारमा हुने नियुक्ति प्रक्रियामा स्पष्ट देखिन्छ ।

देशकै जेठो राष्ट्रिय प्रसारण संस्था रेडियो नेपालको वर्तमान सञ्चालक समितिका सदस्यहरूको सूची हेर्दा पनि त्यसमा समावेशिताको कुनै झलक भेटिँदैन । सञ्चालक समितिमा १ जना पनि जनजाति परेको देखिन्न ।[१९] तर प्रेस काउन्सिल नेपालको बोर्ड सदस्यको सूची हेर्दा १२ जना पदाधिकारीमध्ये १ जना महिला र १ जना जनजाति छन् ।[२०] यस्तै राष्ट्रिय समाचार समितिको कार्यकारिणी समितिमा ९ जना पदाधिकारीमध्ये १ जना मधेसी र २ जना जनजाति छन् ।[२१]

नेपाली पत्रकारिताको स्वामित्व, सन्देश र सञ्चारकर्मीमा बहुलवादी संरचना कायम नभएसम्म आमनेपालीका लागि प्रेस निष्पक्ष र बराबर हिस्सेदारी बन्न सक्दैन । यसका लागि नेपाली प्रेसको संरचनालाई फेर्नुपर्छ ।[२२]

---

१८ संसद् सचिवालय । (२०७७) । सार्वजनिक सेवा प्रसारणसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, @)&& Retrieved from: https://na.parliament.gov.np/uploads/attachments/fm3765gwh-q2u24r7.pdf.

१९ रेडियो नेपाल । (मिति अनुल्लिखित) । सञ्चालक समिति । Retrieved from: https://radionepal.gov.np/%e0%a4%b8%e0%a4%82%e0%a4%9a%e0%a4%be%e0%a4%b2%e0%a4%95-%e0%a4%b8%e0%a4%ae%e0%a4%bf%e0%a4%a4%e0%a4%bf_.

२० प्रेस काउन्सिल नेपाल । (मिति अनुल्लिखित) । बोर्ड सदस्य । Retrieved from : https://www.presscouncilnepal.gov.np/np/board_member/_.

२१ राष्ट्रिय समाचार समिति । Executives. Retrieved from; http://rssnepal.org.np/executives_.

२२ घले, खिम । (२०६४) । बहुलवादी मिडियाका लागि अनिज । पृ. २४२ । समावेशी मिडिया । काठमाडौं : मार्टिन चौतारी ।) ।

# सरकारी मिडियामा मानव संशाधन, नीति र सामग्री उत्पादन

निर्णायक तहमा आदिवासी जनजातिको उपस्थितिबारे कानुन नबोले पनि सरकारी सञ्चार संस्थाहरूमा कर्मचारी नियुक्ति प्रक्रियामा भने समावेशी गर्दै लाने नीति लिइएको पाइन्छ ।

| कर्मचारी नियमावली | समावेशी प्रतिनिधित्वको व्यवस्था |
|---|---|
| नेपाल टेलिभिजन संस्था कर्मचारी सेवा सर्त विनियमावली, २०५५<br>आठौँ संशोधन २०७६ सहित | १६ (ग) सेवा पदपूर्ति<br>विनियमावली समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाबाट गरिने व्यवस्था छ । पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइएको छ जसमा<br>महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७ प्रतिशत, मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडा क्षेत्र ४ प्रतिशत हुनपर्ने उल्लेख छ । |
| रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावली, २०७७ | **७. ग. ६. पदपूर्ति र प्रतिशत निर्धारण**<br>विनियमावली समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाबाट गरिने व्यवस्था छ । पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइएको छ जसमा<br>महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७ प्रतिशत, मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडा क्षेत्र ४ प्रतिशत हुनपर्ने उल्लेख छ । |
| गोरखापत्र संस्थान कर्मचारी सेवा सर्त विनियमावली, २०७८ | **१३.४. सेवा पदपूर्ति**<br>विनियमावली समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाबाट गरिने व्यवस्था छ । पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइएको छ, जसमा<br>महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७ प्रतिशत, मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडा क्षेत्र ४ प्रतिशत हुनपर्ने उल्लेख छ । |

नेपाल टेलिभिजन, रेडियो नेपाल र गोरखापत्र संस्थानमा कर्मचारी नियुक्ति प्रक्रियामा समावेशी सिद्धान्त अङ्गीकार गरिएको पाइन्छ । यी सञ्चार संस्थाहरूलाई समावेशी बनाउन खुला प्रतियोगितात्मक परीक्षाबाट पद पूर्ति गरिने व्यवस्था गरिएको छ । पदपूर्ति हुने पदमध्ये ४५ प्रतिशत छुट्याइएको छ जसमा महिला ३३ प्रतिशत, आदिवासी जनजाति २७ प्रतिशत, मधेसी २२ प्रतिशत, दलित ९ प्रतिशत, अपाङ्ग ५ प्रतिशत र पिछडा क्षेत्र ४ प्रतिशत हुनपर्ने उल्लेख छ । कानुनीरूपमा समावेशी बनाउन पछिल्ला ४ वर्षमा यो प्रयास नीतिगतरूपमै सुरु गरेको पाइन्छ ।

यद्यपि यो सुरूवात मात्र हो । यसको असर मिडियामा उत्पादन हुने सामग्रीमा पनि परेको पाइन्छ । मिडियाको अन्तरवस्तु उत्पादनमा आदिवासी जनजातिको सहभागिता पनि न्यून देखिएको छ । अध्येता शिवहरि ज्ञवालीले २०७२ असोजमा गोरखापत्र, अन्नपूर्ण पोस्ट, कान्तिपुर, नयाँ पत्रिका, नागरिक, राजधानी र समाचारपत्र गरी ७ वटा दैनिकका विचारपृष्ठको अध्ययन गर्दा कुल ७२९ जना लेखकले विचार-पृष्ठमा लेख लेखेका देखिएको थियो । दैनिक औसत २४ वटाका दरले छापिएका लेखमध्ये करिब २० लेख ब्राह्मण-क्षत्रीकै थिए । यसरी लेख्नेमध्ये करिब ८३ प्रतिशत ब्राह्मण-क्षत्री, करिब ९.५ प्रतिशत जनजाति, ५ प्रतिशत मधेसी, १.५ प्रतिशत विदेशी र १ प्रतिशत दलित थिए । उनीहरूमा पनि ९५ प्रतिशत पुरूष थिए ।[२३]

२०७९ जेठ महिनाभरि गोरखापत्र, अन्नपूर्ण पोस्ट, नागरिक, नयाँ पत्रिका र कान्तिपुरका विचार पृष्ठ अध्ययन गर्दा पनि मिडियाको अनुहारमा भिन्नता आएको देखिएन । ती ५ वटा दैनिक पत्रिकामा छापिएका कुल ३९५ वटा लेखमध्ये ३०७ वटा लेख (करिब ७८ प्रतिशत) का लेखक ब्राह्मण-क्षत्री समुदायका देखिए भने ११ जना (करिब ३ प्रतिशत) मात्रै दलित समुदायका थिए ।[२४] टहल थामी (२०६२) को अध्ययनले २८ दैनिक, १ सय ७० साप्ताहिक, ११ रेडियो र ३ वटा टेलिभिजन च्यानलमा ५ सय ५६ जनजातिको उपस्थिति रहेको देखाएको थियो जुन २८.५ प्रतिशत हो ।[२५]

मिडिया अनुसन्धानकर्ता शेखर पराजुली र भाष्कर गौतमले सामाजिक विकास तथा अनुसन्धान केन्द्रका लागि गरेका

२३ महर्जन, राजेन्द्र । (२०७९, कात्तिक २९ गते) । मिडियामा दलित किन अझै पछि ? । *कान्तिपुर* / Retrieved from: https://ekantipur.com/opinion/2022/11/15/166847725391864423.html

२४ पूर्ववत्

२५ वन्त, प्रत्यूष । (२०६४) । समावेशी मिडिया : बहसको खाका । पृ.१३ । समावेशी मिडिया । काठमाडौं : मार्टिन चौतारी ।

सर्वेक्षणअनुसार उपत्यका बाहिरका ७३ प्रकाशन गृहका सम्पादकीय क्षेत्रमा कार्यरत ९ सय ५६ जनामध्ये १ सय ६४ जना मात्र आदिवासी जनजाति थिए ।[२६] हालसम्म भएका अध्ययनले मिडियामा समानुपातिक प्रतिनिधित्वका दृष्टिले पनि आदिवासी जनजातिको सहभागिता कम देखिन्छ । मिडियामा उनीहरूको सहभागिता वृद्धि गर्नका लागि मिडियासम्बन्धी विद्यमान नीति तथा कानुनको सही कार्यान्वयन गर्ने र आवश्यक ठाउँमा सुधार गर्ने बाटोतर्फ अघि बढ्न आवश्यक छ ।

तर सरकारी सञ्चार माध्यममा भने विभिन्न भाषामा सामग्री उत्पादन गरिएको पाइन्छ । गोरखापत्र दैनिकले भाषा संरक्षण गर्ने उद्देश्यले दैनिकरूपमा विभिन्न भाषामा २ पृष्ठ सामग्री प्रकाशित गर्दै आएको छ । यस्तै रेडियो नेपाल र नेपाल टेलिभजनमा पनि राष्ट्रिय भाषामा सामग्री उत्पादन गर्दै आएको पाइन्छ ।

यस्तै, आदिवासी जनजातिको आवाजबारे बोल्नका लागि त्यही समूहको प्रतिनिधित्व आवश्यक छ । उनीहरूले मिडिया सामग्रीमार्फत आफ्नो उपस्थिति देखाउँदै आएका छन् । इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्कले २०७६ सालको फागुनदेखि चीनबाट सुरू भइ नेपाललाई समेत व्यापक असर गरेको कोरोना महामारीका समयमा नेपालमा सामुदायिक रेडियोले खेलेको भूमिकाबारे अध्ययन गरेको थियो । नेटवर्कले २ सय २४ वटा सामुदायिक रेडियोसम्बन्धी अध्ययन गरेकामा ९८ प्रतिशत सामुदायिक रेडियोले कोरोना भाइरसको सङ्क्रमणबारे जनचेतनामूलक सामग्री प्रसारण गरेका थिए । अध्ययनको नतिजाअनुसार ७८ प्रतिशत रेडियोले यस्ता सामग्री स्वयम्सेवीरूपमा प्रसारण गरेका भने २२ प्रतिशतले स्थानीय तह तथा विभिन्न सङ्घ/संस्थासँग मिलेर गरेका थिए ।[२७]

यसका साथै २४ वटा रेडियोले कोराना भाइरससम्बन्धी जनचेतनामूलक सामग्री प्रकाशन गर्नुका साथै आदिवासी जनजातिका सवाललाई पनि सम्बोधन गरेका थिए । अध्ययनले आदिवासी जनजाति समुदायको नेतृत्व, स्वामित्व र व्यवस्थापनमा रहेका सामुदायिक रेडियोले कोरोनाकालमा आदिवासी जनजातिले अभ्यास गर्दै आएका परम्परागत ज्ञानलाई जोगाउन सघाएको देखाएको छ ।[२८]

२६ घले, खिम । (२०६४) । बहुलवादी मिडियाका लागि अनिज । पृ. २३४-२३५ । समावेशी मिडिया । काठमाडौँ : मार्टिन चौतारी ।) ।

२७ यात्रु, कुमार । (मिति अनुल्लिखित) ।कोरोना महामारीमा आदिवासी सामुदायिक रेडियोका असल अभ्यास । काठमाडौँ : इन्डिजिनियस कम्युनिटी रेडियो नेटवर्क ।

२८ पूर्ववत् ।

# निष्कर्ष

आदिवासी जनजातिले उठाएका प्रमुख नीतिगत सरोकार भनेको निर्णय लिने तह, मानव संसाधन र कार्यान्वयन क्षेत्रमा प्रतिनिधित्वको विषय हो । त्यसमध्ये पछिल्लो समयमा मानव संसाधन प्रतिनिधित्व गर्ने नीतिगतरूपमा सुधारको प्रयास भएको पाइन्छ । २०७२ सालमा संविधान सभाबाट संविधान जारी भएपछि बनेका ऐन तथा विनियमावली र बन्ने क्रममा रहेका विधेयकहरूमा समावेशिताको मर्मलाई अझ बढी ध्यान दिएको पाइन्छ । तर पनि मिडियासम्बन्धी ऐनमा विद्यमान प्रावधानबमोजिम निर्णय गर्ने निकाय, समिति तथा बोर्ड गठन र तिनीहरूमा हुने नियुक्तिका सन्दर्भमा समस्या तथा चुनौती छन् । समावेशीको सवालबारे विशेषगरी महिलाको प्रतिनिधित्वलाई स्वीकार गरेको पाइन्छ । यद्यपि, यस्ता निकायमा आदिवासी जनजातिलाई कसरी समावेश गर्ने भन्ने विषयमा ऐनमा प्रष्टसँग उल्लेख गरेको पाइँदैन । व्यवहारमा आदिवासी जनजातिलाई पनि प्रतिनिधित्व गर्ने गरी त्यस समुदायको केही ठाउँमा नियुक्त गरेको पाइन्छ । विशेषगरी यस्ता नियुक्ति राजनीतिक दलसँग नजिक भएकै कारण हुने गरेको देखिन्छ । नियुक्तिलाई नीतिगतरूपमै सुरक्षित गरेको भने देखिँदैन ।

मानव संसाधन व्यवस्थापन वा कर्मचारी नियुक्ति गर्ने सवालमा भने सरकारी संस्थानहरु समावेशी अवधारणाअनुरूप नै अघि बढेका पाइन्छ । खाली रहेको पदमा खुला विज्ञापन गरी पदपूर्ति गर्ने सन्दर्भमा ४५ प्रतिशत समावेशी हुने गरी पदपूर्ति गर्ने व्यवस्था गरेको पाइन्छ । आदिवासी जनजातिको हकमा भने यसले २७ प्रतिशत हिस्सा ओगटेको छ । तर यसको कार्यान्वयनको अवस्था प्रारम्भिक चरणमा रहेको अवस्था छ । किनभने यी विनियमावली पारित भएको १ देखि ३ वर्ष मात्र भएको छ । यसबाट संस्थानहरूमा पनि मानव संसाधनको व्यवस्थापन र सामग्री उत्पादनमा प्रतिनिधित्व अझै पनि चुनौतीपूर्ण छ ।

नेपाली मिडियाको सामग्री उत्पादनका विषयमा यस समुदायको प्रतिनिधित्व न्यून रहेको देखिन्छ । यद्यपि, यस दिशामा प्रयास हुँदै नभएका भने होइनन् । खासगरी सरकारी सञ्चार माध्यममा विभिन्न भाषामा सामग्री उत्पादन गरिएको पाइन्छ । गोरखापत्र दैनिकले विभिन्न जातजातिको भाषामा दैनिक २ पृष्ठ सामग्री प्रकाशित गर्दै आएको छ । यस्तै रेडियो नेपाल र नेपाल टेलिभजनमा पनि राष्ट्रिय भाषामा सामग्री उत्पादन गरी प्रशारण हुँदै आएको पाइन्छ ।

# सुझाव

आदिवासी जनजातिको प्रतिनिधित्वका विषयमा नीतिगतरूपमा सुधारका प्रयास भए पनि अझ पनि चुनौती बाँकी छन् । यस्ता सरोकार सम्बोधन गर्न निम्न सुझाव गरिएका छन् :

- **नीतिगत निर्णय गर्ने तहमा प्रतिनिधित्व :** सञ्चार माध्यमको नीतिगत निर्णय गर्ने निकाय, जस्तै- बोर्ड वा समितिमा आदिवासी जनजातिको प्रतिनिधित्वबारे कानुनमै प्रष्टसँग उल्लेख गर्नु उपयुक्त देखिन्छ । पछिल्लो समयमा समावेशीका आधारमा महिलाको प्रतिनिधित्व यस्ता निकायमा सुरक्षित गरिए जस्तै जनजाति समुदायको पनि प्रतिनिधित्व गर्न सकिन्छ । महिला प्रतिनिधित्व गर्दा पनि आदिवासी जनजाति समुदायकालाई प्राथमिकतामा राख्न सकिन्छ ।

- **मानव संसाधन र मिडिया सामग्री :** मानव संशाधनको हिसाबले पनि आदिवासी जनजातिको समुदायको प्रतिनिधित्व कम भएको अवस्थामा पदपूर्ति क्रमिकरूपमा गर्दै जानु आवश्यक देखिन्छ । यसले मिडिया सामग्री उत्पादनमा पनि विविधता ल्याउँछ र समाचार कक्षलाई एकाङ्की हुनबाट रोक्छ । साथै बहुलता कायम गर्न सहयोग पुग्न सक्छ । र, सांस्कृतिकरूपमा प्रयोग हुन सक्ने अनुपयुक्त भाषा, शैली र विषयबाट जोगाउन सक्छ । त्यसका अतिरिक्त जनजाति समुदायका पत्रकारलाई लक्षित गरी बेलाबेलामा तालिम तथा सिप विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

- **क्षमता अभिवृद्धि :** मानव संसाधनको कमी र अन्य समुदायका पत्रकारले आदिवासी जनजातिका मुद्दा तथा विषयहरूमा रिपोर्टिङ गर्दा हुन सक्ने कमजोरी र त्रुटिबाट जोगिन पत्रकारहरूलाई तालिम व्यवस्था गर्न आवश्यक देखिन्छ । अन्य समुदायलाई पनि आदिवासी जनजातिको विषयमा कसरी रिपोर्टिङ गर्ने भन्ने सिप सिक्दा र सिकाउँदा आदिवासी जनजातिका अधिकारका मुद्दा र विषयवस्तुलाई राम्रसँग बुझ्न मद्दत गर्न सक्छ ।

- **सहयोग नीति :** आदिवासी जनजातिले सञ्चालन गरेका साना मिडिया (जसले उनीहरूका आवाज र सहभागितालाई प्राथमिकता दिएका हुन्छन्) लाई सरकारका तर्फबाट प्रोत्साहन र सहयोगका विशेष कार्यक्रम ल्याउनु उपयुक्त हुन्छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिंदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org